# गेरुवा गाउँपालिका

# २०७५

## अठ्ठाईसौं कार्यपालिका बोर्ड बैठक

**२० असार, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल असार २० गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको अठ्ठाइसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ |
| श्री शान्ती चौधरी | - | सदस्य |
| श्री राजु बडुवाल खत्री | - | सदस्य |
| श्री चन्द्ररुपा कामी | - | सदस्य |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य |
| श्री बम बहादुर वि क. | - | सदस्य |
| श्री भिम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव |

**आमन्त्रीत**

| | |
|---|---|
| श्री नारायण प्रसाद भण्डारी | ज.स्वा.नी. |
| श्री भुपेन्द्र बहादुर शाही | सि.अ.हे.व. |
| श्री प्रकाश शर्मा | सू.प्र.अ. |
| श्री तुल्सीराम श्रेष्ठ | ले.पा. |
| श्री प्रेम बहादुर जि.सी. | ख. |
| श्री कुन नारायण चौधरी | ना.सु. |
| श्री विश्वरुप जोशी | प्रा.स. |
| श्री पदम राज पाण्डे | ना.प्रा.स. |
| श्री पंकज रायमाझी | वैद्य |
| श्री प्रशुराम चौधरी | ब.सा.प. |
| श्री पूर्ण बहादुर खत्री | प्रा.स. |
| श्री राजेश चौधरी | सव.ई. |
| श्री प्रकाश चौधरी | अ.सव.ई. |
| श्री डम्बर विष्ट | अ.सव.ई. |
| श्री भुमिराज घिमिरे | अ.सव.ई. |

**प्रस्तावहरु**

**१)	पदाधीकारीको मासिक पारीश्रमिक र बैठक भत्ता सम्बन्धमा ।**

**२)	ईलाका प्रशासन कार्याय, राजापूर लाई नागरिकता अभिलेख व्यवस्थापनको लागि रकम रु ६२,५००।- सहयोग गर्ने सम्बन्धमा ।**

**३)	जि.स.स. को गाडीभाडा भुक्तानी रु. ५१,५६२।- सहयोग गर्ने सम्बन्धमा ।**

**४)	एककिृत सम्पती कर मुल्याकंन समिति गठन गर्ने सम्बन्धमा ।**

**५)	विषयगत शाखा सञ्चालनार्थ प्रयोग भएको घरभाडा अवधि थप गर्ने सम्बन्धमा ।**

**६)	IEE प्रतिवेदन स्वीकृत गर्ने गर्ने सम्बन्धमा ।**

**७)	सार्प रिशर्च सेन्टर प्रा.ली. द्धारा गाउँपालिका प्रशासकिय भवन र वडा नं १ र ३ का कार्यालय भवन निर्माण सम्बन्धी विस्तृत डिजाइन र सर्भे स्वीकृत गर्ने सम्बन्धमा ।**

**८)	Village Profile स्वीकृत गर्ने सम्बन्धमा ।**

**९)	खर्च हुन बाँकी रकम र क्रमागत योजनाहरुको विवरण स्वीकृत सम्बन्धमा ।**

**१०)	परिवर्तित योजना स्वीकृत सम्बन्धमा ।**

**११)	गाउँसभा मिति सार्ने सम्बन्धमा ।**

**१२)	घाट उत्राही टेन्डर आहवान गर्ने सम्बन्धमा ।**

**१३)	O & M स्वीकृत गर्ने सम्बन्धमा ।**

**१४)	सामाजिक परिचालक जोधीराम चौधरीको सेवा सुविधा सम्बन्धमा ।**

**१५)	छोरी बचाउ कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

**१६)	बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

**निर्णयहरु :-**

**१)	पदाधीकारीको मासिक पारीश्रमिक र बैठक भत्ता सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाका निर्वाचित पदाधीकारी , सदस्य र सभाका सदस्यले पाउने पारिश्रमिक तथा बैठक भत्ता **प्रदेश नं. ५ अन्तर्गतका स्थानीय पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५** को आधारमा देहाय बमोजिम कायम गर्ने निर्णय गरियो र उक्त सेवा सुविधा पदाधीकारी र सदस्यले आफु निर्वाचित भई

काम कारवाही शुरु गरेको मिति देखि ( २०७४ श्रावण १ देखि ) उपलब्ध गराउने निर्णय गरियो ।

| **क.स.** | **सुविधाको किसिम** | **इकाई दर** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडा अध्यक्ष** | **कार्यपालिका सदस्य** | **सभाका सदस्य** |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | प्रति महिना रु. | ३०,००० | २७,००० | २०,००० | १२,००० | ७,००० |
| २. | कार्यपालिका/सभाको बैठक भत्ता | प्रति बैठक रु. | ७०० | ७०० | ७०० | ७०० | ७०० |
| ३. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| ४. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १२५ | १२५ | १२५ | १२५ |
| ५. | यात्रा विमा | प्रति भ्रमण रु. ( लाखमा ) | १० | १० | १० | १० | १० |

साथै प्रत्येक बैठकमा उपस्थित हुँदा आवागमन भत्ता बापत रु. ३०० का दरले उपलब्ध गराउने निर्णय गरियो ।

**२) ईलाका प्रशासन कार्यालय, राजापूर लाई नागरिकता अभिलेख व्यवस्थापनको लागि रकम रु ८०,०००।- सहयोग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ईलाका प्रशासन कार्यालय, राजापूर लाई नागरिकता अभिलेख व्यवस्थापनको लागि रकम रु. ८०,०००। सहयोग गर्ने निर्णय गरियो ।

**३) जि.स.स. को गाडीभाडा भुक्तानी रु. ५१,५६२।- सहयोग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री जिल्ला समन्वय समिति को कार्यालय गुलरिया, बर्दिया को च.नं. ९७०, मिति २०७५।१।४ को पत्रानुसार जि.स.स. ले प्रयोग गरेको गाडीभाडा मध्ये रु. ५१,५६२। का दरले बर्दिया जिल्लाका सवै स्थानीय तहले समानुपातिक रुपमा भक्तानी गरी दिन भनि लेखि आएको हुँदा उक्त रकम जि.स.स. लाई उपलब्ध गराउने निर्णय गरियो ।

**४) एककि्त सम्पती कर मुल्याकंन समिति गठन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गेरुवा गाउँपालिकामा आगामी आ.व. २०७५।७६ देखि एकीकृत सम्पती कर लागु गर्नु पर्ने भएको हुँदा शो कार्यको लागि एकिकृत सम्पतीको मुल्याकंन आधार तयार गरी सिफारीस गर्न, गाउँपालिका क्षेत्र भित्रका जग्गाको क्षेत्र विभाजन गरी

न्युनतम मुल्याकंन दर सिफारिस गर्न तथा संरचनाको मुल्याकंन दर सिफारिस गर्न लगायत मुल्याकंन सम्बन्धी अन्य समस्या समाधान गर्नको लागि तपशिल बमोजिमको एकीकृत सम्पती कर मुल्याकंन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री जमान सिंह के.सी. | संयोजक |
| श्री भिम बहादुर खत्री | सदस्य |
| श्री मालपोत कार्यालय, राजापूरका प्रमुख वा प्रतिनिधी | सदस्य |
| श्री तुल्सीराम श्रेष्ठ | सदस्य |
| श्री प्रशुराम चौधरी | सदस्य |

**५) विषयगत शाखा सञ्चालनार्थ प्रयोग भएको घरको भाडा अवधि थप गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिका विषयगत शाखाहरु सञ्चालनार्थ प्रयोग भएको गेरुवा गाउँपालिका ५, पशुपतिनगर स्थित जेनिथ विष्टको घरको घरभाडा सम्झौता अवधि २०७५ श्रावण १ देखि १ वर्षको लागी थप गर्ने निर्णय गरियो ।

**६) IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बर्दिया राष्ट्रिय निकुञ्जबाट प्राप्त IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**७) सार्प रिशर्च सेन्टर प्रा.ली. द्धारा गाउँपालिका प्रशासकिय भवन र वडा नं १ र ३ का कार्यालय भवन निर्माण सम्बन्धी विस्तृत डिजाइन र सर्भे स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको कार्यालयको प्रशासकिय भवन र वडा नं. १ र ३ का कार्यालय भवन निर्माणको लागि सार्प रिशर्च सेन्टर प्रा.ली. द्धारा तयार पारिएको विस्तृत डिजाइन र सर्भे प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**८) Village Profile स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको **गाउँ पाश्र्वचित्र ( village profile )** तयार भइसकेको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी जानकारीको लागी गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभामा समेत प्रस्तुत गर्ने निर्णय गरियो ।

**९) खर्च हुन बाँकी रकम र क्रमागत योजनाहरुको विवरण स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको आ.व. २०७४।७५ को स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेट खर्च हुन बाँकी रहने भएमा शोको विवरण तयार गरी क्रमागत योजनाहरुको विस्तृत विवरण स्वीकृतको लागि गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**१०) परिवर्तित योजना स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाका परिवर्तित योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**११) गाउँसभा मिति सार्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभा मिति २०७५ असार १० गते उदघाटन भएकोमा बजेट कार्यक्रम सम्बन्धी आन्तरिक गृहकार्य पुरा गर्न अझै केही समय लाग्ने हुँदा मिति २०७५ असार २६ गते बस्ने गरि आज २ बजे बस्ने भनिएका चालु गाउँसभा बैठक स्थगन गर्ने निर्णय गरियो ।

**१२) घाट उत्राही टेन्डर आहवान गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा गेरुवा गाउँपालिकाको पश्चिम सिमानामा रहेको कर्णाली नदीमा घाट उत्राहीको लागि ३ वटा ठाउँहरु सन्कट्टी घाट, बनभुस्रा घाट र इन्टेक घाट को संचालनको लागि टेन्डर आहवान गर्ने व्यवस्था गर्न गेरुवा गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**१३) O & M स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा गेरुवा गाउँपालिका, कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र विषयगत कार्यालयहरुका लागी आवश्यक पर्ने कर्मचारीहरुको लागी दरवन्दी सर्वेक्षण गरी पेश भएको **O & M** गेरुवा गाउँपालिकाको तेस्रो गाउँसभा बाट स्वीकृत गराई प्रदेश नं. ५ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**१४) सामाजिक परिचालक जोधीराम चौधरीको सेवा सुविधा सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत मिति २०७४।०९।१६ देखि सामाजिक परिचालन कार्यक्रम स्थगीत भएता पनि गेरुवा गाउँपालिका वडा नं. ३ मा कार्यरत सामाजिक परिचालक जोधीराम चौधरी ले निरन्तर वडा नं. ३ को कार्यालयमा उपस्थित भई काम काज गरी आएको हुँदा उक्त समयावधी (मिति

२०७४।९।१६ देखि २०७४।१२।१५ ) सम्मको साविक बमोजिमको निर्वाह भत्ता  बापत निजलाई उपलब्ध गराउने निर्णय गरियो ।

**१५) छोरी बचाउ कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा चालु आ.व.को २०७४।७५ को गाउँसभा बाट स्वीकृत कार्यक्रम अन्तर्गत छोरी बचाउ कार्यक्रम कार्यान्वयनको लागि प्रति जना रु. २ हजारका दरले उपलब्ध गराउने गरी  रु. २ लाख विनीयोजन गरिएकोमा उक्त कार्यक्रममा उत्साहजनक रुपमा निवेदनहरु प्राप्त हुन आएकोले बचत हुने जुनसुकै शिर्षक रकम बाट सवै निवेदनहरुलाई सुविधा वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

**१६) बिबिध**

**(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(क) २९ औं बोर्ड बैठकको रुपमा २०७५/३/२६ गते विहान ८ बजे बोर्ड बैठक बस्ने निर्णय गरियो ।